# त्रिभुवन विश्वविद्यालय

# विद्युतीय सञ्चार व्यवस्थापन सम्बन्धी निर्देशिका २०७७

त्रिभुवन विश्वविद्यालयका विभिन्न निकायहरूबीच र विश्वविद्यालय बाहिरका अन्य निकायहरूसँग विद्युतीय माध्यम (ईमेल)बाट चिठीपत्र, सूचना, निर्णय, कागजात तथा अन्य विवरण आदान प्रदान गरी छिटो छरितो निर्णय गर्न, सेवा प्रवाहमा सहजता ल्याउन, कागजविहीन कार्यालयको उद्देश्य प्राप्त गर्न तथा विश्वविद्यालयको कामकारवाहीको अभिलेख सुरक्षित राख्न तथा त्रिभुवन विश्वविद्यालयले प्रयोगमा ल्याएको विद्युतीय पत्राचार प्रणाली (Email Communication) प्रयोगमा एकरूपता, सहजता र वैधानिकताका लागि त्रि. वि. कार्यकारी परिषदले यो निर्देशिका बनाई जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम "त्रिभुवन विश्वविद्यालय विद्युतीय सञ्चार व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७७" रहेको छ ।
(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :
(क) "ऐन" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ सम्झनु पर्छ ।
(ख) "क्याम्पस" भन्नाले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आंगिक क्याम्पस सम्झनु पर्छ ।
(ग) "केन्द्र" भन्नाले त्रिभुवन विश्वविद्यालय सूचना प्रविधि केन्द्र सम्झनु पर्छ ।
(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदबाट तोकिए बमोजिम सम्झनु पर्छ ।
(ङ) "पद अनुसारको ईमेल" भन्नाले विश्वविद्यालयको काम काज गर्ने प्रयोजनको लागि विश्वविद्यालयमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई पद अनुसार दिइने ईमेल खाता सम्झनु पर्छ ।
(च) "व्यक्तिगत ईमेल" भन्नाले विश्वविद्यालयका पदाधिकारी, शिक्षक, कर्मचारी वा विद्यार्थीलाई व्यक्तिगत नाममा प्रदान गरिने ईमेल खाता सम्झनु पर्छ ।
(छ) "विभाग" भन्नाले त्रिभुवन विश्वविद्यालयका केन्द्रीय विभागलाई सम्झनु पर्छ । यस शब्दले विश्वविद्यालयका क्याम्पस अन्तर्गत रहेका विभागलाई समेत जनाउँछ ।
(ज) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्छ ।
(झ) "स्कुल" भन्नाले त्रिभुवन विश्वविद्यालयमा सञ्चालित स्कुलहरुलाई सम्झनु पर्छ ।
(ञ) "समन्वय समिति" भन्नाले यसै निर्देशिकाको दफा १२ बमोजिमको समिति सम्झनु पर्छ ।

३. **एकिकृत ईमेल प्रणाली प्रयोग गर्नुपर्ने** : (१) विश्वविद्यालयको काम कारवाहीको सम्बन्धमा त्रिभुवन विश्वविद्यालयका पदाधिकारी, शिक्षक, कर्मचारी र विद्यार्थीहरूले यस निर्देशिका बमोजिमको एकिकृत ईमेल प्रणाली प्रयोग गर्नुपर्नेछ ।
(२) एकिकृत ईमेल प्रणालीको विकास, सञ्चालन तथा मर्मत सम्भार लगायतको व्यवस्थापन गर्ने जिम्मेवारी त्रिभुवन विश्वविद्यालय सूचना प्रविधि केन्द्रको हुनेछ ।
(३) विश्वविद्यालयको मूख्य डोमेन tu.edu.np रहनेछ । यस अन्तर्गतको सब डोमेन अनुसूची १ बमोजिम रहनेछ । एकिकृत ईमेल प्रणाली mail.tu.edu.np डोमेन नामले वेभमा उपलब्ध हुनेगरी सञ्चालन गर्नुपर्नेछ ।
(४) त्रिभुवन विश्वविद्यालयले विद्युतीय पत्राचार प्रणाली प्रयोग गर्न हाल माइक्रोसफ्ट अफिस ३६५ लाई स्वीकृति दिएको छ । एकिकृत खाता प्रणालीबाट प्राप्त ईमेल खाताबाट नै Microsoft Office वा यस्तै अन्य सेवाहरू सञ्चालन गर्न पाइनेछ ।

४. **तहगत रूपमा खाता व्यवस्थापन** : (१) ईमेल खाता व्यवस्थापनका लागि तहगत रूपमा माइक्रोसफ्ट अफिस ३६५ (Microsoft Office 365) को देहाय बमोजिमको प्रयोगकर्ता व्यवस्थापन अधिकार (User Management Right) तोकिएको छ।

(क) ग्लोवल एडमिनको अधिकार त्रि.वि. सूचना प्रविधि केन्द्रमा रहने छ । यसको लागि केन्द्रले कुनै कर्मचारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।

(ख) तोकिएको संरचनामा केन्द्रीय निकायका खाताको व्यवस्थापन केन्द्रले गर्ने छ।

(ग) सबै निकायले पदाधिकारी, शिक्षक, कर्मचारी र विद्यार्थीहरूको ईमेल खाता खोलिदिनु पर्नेछ । कुनै निकायमा ईमेल खाता खोल्ने र अन्य व्यवस्थापन गर्ने कर्मचारी नभएमा त्यस्तो निकायको खाता खोल्ने र अन्य व्यवस्थापनको काम केन्द्रीय विभागको हकमा सम्बन्धित डीन कार्यालयले गरिदिनु पर्नेछ । अध्ययन संस्थानहरूका डीन कार्यालयहरूले भने केन्द्रीय विभागका साथै आफू मातहतका क्याम्पसहरु समेतको खाता खोल्ने र अन्य व्यवस्थापनको काम गरिदिनुपर्नेछ । अन्य कुनै निकायमा खाता खोल्ने र अन्य व्यवस्थापनको काम गर्ने कर्मचारी नभएमा सूचना प्रविधि केन्द्रले गर्नु पर्नेछ ।

(घ) सबै निकायका प्रयोगकर्ताको पासवर्ड परिबर्तन गर्ने र सहयोग गर्ने अधिकार ती निकायले तोकेको कर्मचारीलाई उपलब्ध गराईने छ।

(२) पद अनुसारको ईमेल प्रयोग गर्ने अधिकार प्राप्त प्रयोगकर्ता परिवर्तन भएमा केन्द्रमा जानकारी गराई अधिकारलाई अर्को व्यक्तिमा हस्तान्तरण गरिने छ।

**५. पद अनुसारको ईमेल खाता** : (१) पद अनुसारको ईमेल खाता खोल्दा एकरुपता कायम गर्न देहाय बमोजिम गर्नु पर्नेछ:

(क) केन्द्रीय पदाधिकारीहरूको पदको नाम अनुसार ईमेल खाता खोलिनेछ । (जस्तै registrar@tu.edu.np हुनेछ।)

(ख) सम्बन्धित कार्यालयका प्रमुखहरूको खाता खोल्दा पदको नाममा सम्बन्धित निकायको ईमेल डोमेन हुने गरी खोलिनेछ । (जस्तै dean@iom.tu.edu.np, head@cdp.tu.edu.np, chief@mmc.tu.edu.np हुनेछ।)

(ग) केन्द्रीय कार्यालयका प्रमुखहरूको खाता खोल्दा पदको नाममा सम्बन्धित महाशाखा वा शाखाको नाम जनिने गरी केन्द्रीय ईमेल डोमेन हुने गरी खोलिनेछ । (जस्तै कर्मचारी प्रशासन महाशाखाको प्रमुखको chief.pad@tu.edu.np हुनेछ।)

(घ) प्रत्येक विभाग, क्याम्पस तथा निकायहरूमा info, admin, account, library, exam, gunaso, no_reply नामहरू सुरक्षित (Reserve) गरिएको छ । यी नामहरू व्यक्तिगत खाताका लागि प्रयोग गर्न पाईने छैन।

(□) एउटै शाखा वा डोमेनमा एकभन्दा बढी एउटै पद भएमा पदको पछाडि अङ्क १,२,३ राख्नु पर्नेछ ।

(२) पद अनुसारको ईमेल खाताको नामाकरण गर्दा द्विविधा भएमा समन्वय समितिको निर्णय बमोजिम हुनेछ ।

**६. शिक्षक कर्मचारीहरूको व्यक्तिगत ईमेल खाता** : (१) विश्वविद्यालयमा कार्यरत स्थायी, करार, आंशिक, शिक्षक, कर्मचारी र पदाधिकारीलाई देहाय बमोजिम व्यक्तिगत ईमेल खाता दिइनेछ :

(क) व्यक्तिगत ईमेल खाता खोल्दा tu.edu.np वा यसको सब डोमेनमा दिईनेछ ।

(ख) केन्द्रीय कार्यालयमा कार्यरत पदाधिकारी, शिक्षक र कर्मचारीहरूको खाता खोल्दा सम्बन्धितको शुरु नाम.थर@tu.edu.np गरी खोलिनेछ । (जस्तै Ram Sharan Mahato को खाता खोल्दा ram.mahato@tu.edu.np हुनेछ।)

(ग) केन्द्रीय कार्यालय बाहेक अन्य कार्यालयमा कार्यरत पदाधिकारी, शिक्षक र कर्मचारीहरूको खाता खोल्दा सम्बन्धितको शुरु नाम.थर राखी कार्यरत कार्यालयको सब डोमेनमा ईमेल खाता खोलिनेछ । (जस्तै Ram Sharan Mahato को खाता खोल्दा ram.mahato@cdp.tu.edu.np हुनेछ।)

(घ) व्यक्तिको नाम दोहोरिएको खण्डमा नामको पछाडि अङ्क १,२,३ राख्नु पर्नेछ।

(२) अस्थायी, करार, आंशिक सेवामा कार्यरत शिक्षक, कर्मचारीका खाताहरू सेवा अवधिभरी कायम रहनेछ । कुनै शिक्षक र कर्मचारीको पुनः नियुक्ति हुने अवस्था भएमा सेवाअवधि सकिए पनि ईमेल खातालाई निरन्तरता दिन सकिनेछ । तर त्यसरी नरन्तरता दिने अवधि एक बर्षभन्दा बढी हुने छैन ।

(३) नाम अनुसारको ईमेल खाताको नामाकरण गर्दा द्विविधा भएमा समन्वय समितिको निर्णय बमोजिम हुनेछ ।

(४) कुनै शिक्षक, कर्मचारीले सेवा निवृत भएपछि पनि व्यक्तिगत ईमेल खाता सञ्चालन गर्न चाहेमा "सेवा निवृत" भनी अङ्कित गरी प्रयोग गर्न दिन सकिनेछ ।

(५) एउटा कर्मचारीलाई प्रदान गरिएको उपदफा (१) बमोजिमको खाता अरु कुनै कर्मचारीलाई प्रदान गरिनेछैन ।

**७. विद्यार्थीहरूको व्यक्तिगत ईमेल खाता** : (१) विश्वविद्यालयका क्याम्पस, विभाग, स्कुल वा अन्य शैक्षिक कार्यक्रममा भर्ना भएका सबै विद्यार्थीहरूलाई देहाय बमोजिम व्यक्तिगत ईमेल खाता दिइनेछ :

(क) सबै विद्यार्थीहरूलाई प्रत्येक क्याम्पस, विभाग, स्कुलले देहाय बमोजिमको ढाँचामा खाता दिनु पर्नेछ ।

[FirstName. [ JoinYear +Faculty+ Level+ ProgramCode] @subdomain.tu.edu.np

(उदाहरण: raju.772416@pc.tu.edu.np) जसमा पहिलो भागले विद्यार्थीको पहिलो नाम, 77 ले भर्ना बर्ष, 2 ले ईन्जिनियरिङ अध्ययन संस्थान, 4 ले सेमेस्टर स्नातक र 16 ले BE Civil Engineering जनाउने छ।

(ख) संस्थान/सङ्कायको संकेतांक (Code Number) अनुसूचि २ मा दिइएको छ ।

(ख) तहको संकेतांक (Code Number) अनुसूचि ३ मा दिइएको छ ।

(ग) शैक्षिक कार्यक्रमको संकेतांक (Code Number) अनुसूचि ४ मा दिइएको छ ।

**८. ईमेल खाताको प्रयोग** : (१) पदाधिकारी, शिक्षक, कर्मचारीले देहाय बमोजिमको काम कारवाही गर्दा पद अनुसारको ईमेल खाताको प्रयोग गर्नुपर्नेछ :

(क) विश्वविद्यालय भित्र चिठ्ठीपत्र, सूचना, निर्णय, कागजात तथा अन्य विवरण आदान प्रदान कार्य,

(ख) अन्य सरकारी र सार्वजनिक निकायहरूबीच चिठ्ठीपत्र, सूचना, निर्णय, कागजात तथा अन्य विवरण आदान प्रदान कार्य,

(ग) अन्य सरकारी र सार्वजनिक निकायहरूबीच राय माग गर्ने र प्रदान गर्ने कार्य,

(घ) निर्णयको लागि टिप्पणी र आदेश लेख्ने कार्य,

(ङ) सेवाग्राहीसँग सूचना आदान प्रदान गर्ने कार्य ।

(च) ईमेल खाताको माध्यमबाट माइक्रोसफ्ट टिम प्रयोग गरी बैठक आयोजना गर्ने र बैठकमा सहभागिता जनाउने कार्य ।

(२) शिक्षकहरूले व्यक्तिगत ईमेल खाताको माध्यमबाट माइक्रोसफ्ट टिम प्रयोगगरी कक्षा सञ्चालन गर्न सक्नेछन् ।

(३) विद्यार्थीहरूले व्यक्तिगत ईमेल खाताको माध्यमबाट माइक्रोसफ्ट टिम प्रयोग गरी कक्षामा सहभागी हुन सक्नेछन् । उनीहरूले खाताको माध्यमबाट फाराम पेश गर्न र अन्य तोकिएका काम गर्न सक्नेछन् ।

(४) उपदफा (१) बमोजिमको पद अनुसारको ईमेल नहुने पदाधिकारी, शिक्षक, कर्मचारीले व्यक्तिगत इमेल खाता प्रयोग गरी उपदफा (१) को (क), (घ), (ङ) र (च) बमोजिमका काम गर्न सक्नेछन् ।

**९. विद्युतीय हस्ताक्षर प्रयोग गर्न सकिने** : (१) दफा (८) को उपदफा (१) बमोजिमका कार्य गर्न विश्वविद्यालयले विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सक्नेछ ।

(२) विद्युतीय हस्ताक्षरको प्रमाणपत्रको टोकनको व्यवस्था सम्बन्धित निकायले गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) को व्यवस्था नहुदासम्म राजिनामा बाहेक ईमेलबाट गरिएको पत्राचार र अन्य कार्यलाई नै आधिकारिक मानिनेछ । इमेलबाट राजिनामा दिएको हकमा भने आफ्नो निकाय प्रमुख वा प्रचलित कानूनमा व्यवस्था भए बमोजिमको अधिकारीबाट अनिवार्य रुपमा सनाखत भएको हुनु पर्नेछ ।

**१०. ईमेल खाता प्रयोगकर्ताको जिम्मेवारी** : ईमेल खाता प्रयोगकर्ताको जिम्मेवारी देहाय बमोजिम हुनेछ :

(क) आफूलाई प्राप्त भएका ईमेलको विषयवस्तु अध्ययन गरी आफैले कार्यान्वयन गर्ने, गर्न लगाउने वा कार्यान्वयनको लागि पेश गर्ने,

(ख) असम्बन्धित ईमेल प्राप्त भएमा पठाउनेलाई जानकारी गराउने,

(ग) ईमेल खातामा आएका अनावश्यक ईमेल (स्पाम मेल) को जानकारी ईमेल व्यवस्थापन गर्ने कर्मचारीलाई गराउने।

(घ) आफ्नो ईमेल खाताको पासवर्ड कम्तिमा तीन तीन महिनामा परिवर्तन गर्ने,

(ङ) आफूलाई प्राप्त विद्युतीय हस्ताक्षर टोकन र ईमेल खाताको सुरक्षा गर्ने,

(च) पद अनुसारको ईमेल खाता तथा व्यक्तिगत ईमेल खाता प्रयोग गरी स्प्याम, जङ्क ईमेल पठाउनु, अनावश्यक कुरा, अश्लिल तथा लैङ्गिक हिंसाजन्य सामग्रीहरू पठाउने आदि जस्ता कार्यहरू नगर्ने,

(छ) पद अनुसारको ईमेल खाता तथा व्यक्तिगत ईमेल खाता प्रयोग गरी कार्यालयको गोप्य सूचना अनधिकृत रुपमा सम्प्रेषण गर्न नहुने,

(ज) पद अनुसारको ईमेल खाता तथा व्यक्तिगत ईमेल खाता प्रयोग गरी कुनै व्यक्ति तथा संस्थालाई गाली गलौच गर्ने, धम्की दिने, कसैको चरित्र हत्या गर्ने र मानमर्दन गर्ने कार्य गर्न नहुने,

(झ) पद अनुसारको ईमेल खाता तथा व्यक्तिगत ईमेल खाता प्रयोग गरी भाइरस, मालवेयर, स्पाईवेयर जस्ता अनधिकृत सफ्टवेयर प्रोग्राम आदान प्रदान गर्न नहुने,

(ञ) पद अनुसारको ईमेल खाता तथा व्यक्तिगत ईमेल खातामा भएका ईमेलहरू अन्य कुनै खातामा डाइरेक्ट (रिडाइरेक्ट) गर्न नहुने,

(ट) पद अनुसारको ईमेल खाताको विवरण निजी प्रयोजनका लागि सामाजिक सञ्जाल र अन्य कुनै प्रकारको विद्युतीय माध्यममा प्रयोग गर्न नहुने,

(ठ) प्रचलित कानूनले निषेध गरेका विषय वा सामग्रीहरू आदान प्रदान गर्न नहुने,

(ड) पद अनुसारको ईमेल खाता प्रयोग गरी आफ्नो निजी कारोवार गर्न नहुने ।

११. **ईमेल डाटाको सुरक्षा सम्बन्धी व्यवस्था** : (१) एकीकृत ईमेल प्रणाली प्रयोग गरी पठाइएका र प्राप्त भएका सम्पूर्ण ईमेलहरू कम्तिमा पाँच बर्षसम्म सुरक्षित राख्नुपर्नेछ ।

(२) कसैले ईमेल खाताको दुरूपयोग गरेको वा दुरुपयोग गर्न खोजेको पाइएमा निजलाई जानकारी दिई वा नदिई उक्त खाता तुरुन्त बन्द गरिनेछ र थप कारवाहीको प्रकृया अगाडि बढाइनेछ ।

(३) ईमेल डाटाको सुरक्षा गर्ने जिम्मेवारी सबैको हुनेछ । कसैले दुरुपयोग गरेमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

१२. **समन्वय समिति** : ईमेल खाता निर्माण गर्दा आइपर्ने समस्याहरूको समन्वय गर्नका लागि केन्द्रमा शिक्षाध्यक्षले तोकेको सूचना प्रविधि र कानुन विज्ञ सहितको तीनजनाको समन्वय समिति रहनेछ।

१३. **समितिमा अधिकार रहने :** यस निर्देशिकामा उल्लिखित काम कारवाहीहरू तत्कालका लागि "विद्युतीय माध्यम (अनलाइन) कक्षा सञ्चालनको व्यवस्थापन अनुगमन उच्चस्तरिय समिति" ले गर्ने गराउनेछ ।तोकिएका कामहरू व्यवस्थित हुदै गएपछि यस निर्देशिका बमोजिमका अधिकारहरू सम्बन्धित निकायमा हस्तान्तरण गरिनेछ ।

१४. **व्याख्या र बाधा अडकाउ फुकाउने व्यवस्था :** यो निर्देशिकाको व्याख्या र बाधा अडकाउ फुकाउने अधिकार कार्यकारी परिषदलाई हुनेछ ।

.........................................

# अनुसूचि १

## निकाय र सब डोमेनका नामहरू

| SN | Unit Name | Subdomain |
|---|---|---|
| 1 | Amrit Campus, Lainchaur | ac.tu.edu.np |
| 2 | Ayurbeda Teaching Hospital, Kirtipur | ath.tu.edu.np |
| 3 | Ayurved Campus, Kirtipur | ayc.tu.edu.np |
| 4 | B.P. Koirala Lions Centre for Ophthalmic Studies, Maharajgunj | bpklcos.tu.edu.np |
| 5 | Bhairahawa Multiple Campus, Bhairahawa | bmc.tu.edu.np |
| 6 | Bhaktapur Multiple Campus, Bhaktapur | bkmc.tu.edu.np |
| 7 | Bhojpur Multiple Campus, Bhojpur | bhmc.tu.edu.np |
| 8 | Biratnagar Nursing Campus, Biratnagar | brnc.tu.edu.np |
| 9 | Birendra Multiple Campus, Bharatpur | bimc.tu.edu.np |
| 10 | Birgunj Nursing Campus, Birgunj | bnc.tu.edu.np |
| 11 | Bishwa Bhasa Campus, Pradarshani Marg | bbc.tu.edu.np |
| 12 | Butwal Multiple Campus, Butwal | bumc.tu.edu.np |
| 13 | Central Campus of Technology, Dharan | cct.tu.edu.np |
| 14 | Central Department of Anthropology, Kirtipur | cda.tu.edu.np |
| 15 | Central Department of Biotechnology, Kirtipur | cdbt.tu.edu.np |
| 16 | Central Department of Botany, Kirtipur | cdb.tu.edu.np |
| 17 | Central Department of Buddhist Studies, Kirtipur | cdbs.tu.edu.np |
| 18 | Central Department of Chemistry, Kirtipur | cdc.tu.edu.np |
| 19 | Central Dept. of Computer Science and Information Technology, Kirtipur | cdcsit.tu.edu.np |
| 20 | Central Department of Economics, Kirtipur | cdec.tu.edu.np |
| 21 | Central Department of Education, Kirtipur | cded.tu.edu.np |
| 22 | Central Department of English, Kirtipur | cden.tu.edu.np |
| 23 | Central Department of Environmental Science, Kirtipur | cdes.tu.edu.np |
| 24 | Central Department of Fine Arts, Kirtipur | cdfa.tu.edu.np |
| 25 | Central Department of Food Technology, Kirtipur | cdft.tu.edu.np |
| 26 | Central Department of Geography, Kirtipur | cdg.tu.edu.np |
| 27 | Central Department of Geology, Kirtipur | cdgl.tu.edu.np |
| 28 | Central Department of Hindi, Kirtipur | cdh.tu.edu.np |
| 29 | Central Department of History, Kirtipur | cdhis.tu.edu.np |
| 30 | Central Department of Home Science, Kirtipur | cdhs.tu.edu.np |
| 31 | Central Department of Hydrology and Meteorology, Kirtipur | cdhm.tu.edu.np |
| 32 | Central Department of Journalism and Mass Communication, Kirtipur | cdjmc.tu.edu.np |

निकाय र सब डोमेनका नामहरू...

| SN | Unit Name | Subdomain |
|---|---|---|
| 33 | Central Department of Law, Kirtipur | cdlaw.tu.edu.np |
| 34 | Central Department of Library Information Science, Kirtipur | cdlis.tu.edu.np |
| 35 | Central Department of Linguistics, Kirtipur | cdl.tu.edu.np |
| 36 | Central Department of Maithili, Kirtipur | cdma.tu.edu.np |
| 37 | Central Department of Management, Kirtipur | cdm.tu.edu.np |
| 38 | Central Department of Mathematics, Kirtipur | cdmath.tu.edu.np |
| 39 | Central Department of Microbiology, Kirtipur | cdmi.tu.edu.np |
| 40 | Central Department of Nepal Bhasha, Kirtipur | cdnb.tu.edu.np |
| 41 | Central Department of Nepalese History, Culture and Archaeology, Kirtipur | cdnhca.tu.edu.np |
| 42 | Central Department of Nepali, Kirtipur | cdn.tu.edu.np |
| 43 | Central Department of Physics, Kirtipur | cdp.tu.edu.np |
| 44 | Central Department of Political Science, Kirtipur | cdps.tu.edu.np |
| 45 | Central Department of Population Studies, Kirtipur | cdpl.tu.edu.np |
| 46 | Central Department of Psychology, Kirtipur | cdpsy.tu.edu.np |
| 47 | Central Department of Public Administration, Balkhu | cdpa.tu.edu.np |
| 48 | Central Department of Rural Development, Kirtipur | cdrd.tu.edu.np |
| 49 | Central Department of Sanskrit, Kirtipur | cdsa.tu.edu.np |
| 50 | Central Department of Sociology, Kirtipur | cdso.tu.edu.np |
| 51 | Central Department of Statistics, Kirtipur | cds.tu.edu.np |
| 52 | Central Department of Zoology, Kirtipur | cdz.tu.edu.np |
| 53 | Centre for Economic Development and Administration (CEDA), Kirtipur | ceda.tu.edu.np |
| 54 | Centre for Nepal and Asian Studies (CNAS) , Kirtipur | cnas.tu.edu.np |
| 55 | Chiwan Engineering Campus, Rampur | cec.tu.edu.np |
| 56 | Controller of Examination, Balkhu | exam.tu.edu.np |
| 57 | Counselling Psychology Program, Kirtipur | cpp.tu.edu.np |
| 58 | Crisis Management Study Program, Kirtipur | cmsp.tu.edu.np |
| 59 | Dadeldhura Campus, Dadeldhura | dc.tu.edu.np |
| 60 | Department of Conflict peace and Development Study, Kirtipur | dcpds.tu.edu.np |
| 61 | Department of Gender Study, Dillibazar | dgs.tu.edu.np |
| 62 | Department of International Relation and Diplomacy, Kirtipur | dird.tu.edu.np |
| 63 | Department of Social Work, Kirtipur | dsw.tu.edu.np |
| 64 | Dhankuta Multiple Campus, Dhankuta | dhmc.tu.edu.np |
| 65 | Dhaulagiri Multiple Campus, Baglung | dmc.tu.edu.np |
| 66 | Doti Multiple Campus, Doti | domc.tu.edu.np |
| 67 | Faculty of Education, Balkhu | foe.tu.edu.np |

निकाय र सब डोमेनका नामहरू...

| SN | Unit Name | Subdomain |
|---|---|---|
| 68 | Faculty of Humanities & Social Science, Balkhu | fohss.tu.edu.np |
| 69 | Faculty of Law, Pradarsani Marg | fol.tu.edu.np |
| 70 | Faculty of Management, Kirtipur | fom.tu.edu.np |
| 71 | GauradahaAgri Campus, Gauradaha | gac.tu.edu.np |
| 72 | Gorkha Campus, Gorkha | gc.tu.edu.np |
| 73 | Graduate School of Education, Kirtipur | gse.tu.edu.np |
| 74 | Hetauda Campus, Hetauda | hc.tu.edu.np |
| 75 | Institute of Agriculture & Animal Science, Kirtipur | iaas.tu.edu.np |
| 76 | Institute of Engineering, Pulchok | ioe.tu.edu.np |
| 77 | Institute of Forestry, Kirtipur | iof.tu.edu.np |
| 78 | Institute of Medicine, Maharajgunj | iom.tu.edu.np |
| 79 | Institute of Science & Technology, Balkhu | iost.tu.edu.np |
| 80 | Jana Prasashan Campus, Balkhu | pac.tu.edu.np |
| 81 | Jumla Campus, Jumla | jc.tu.edu.np |
| 82 | Labour Study Program, Kirtipur | lsp.tu.edu.np |
| 83 | Lalitkala Campus, Bhotahiti | lc.tu.edu.np |
| 84 | Lamjung Campus, Sundarbazar | lac.tu.edu.np |
| 85 | Maharajgunj Medical Campus, Maharajgunj | mmc.tu.edu.np |
| 86 | Maharajgunj Nursing Campus, Maharajgunj | mnc.tu.edu.np |
| 87 | Mahendra Morang Adarsh Multiple Campus, Biratnagar | mmamc.tu.edu.np |
| 88 | Mahendra Multiple Campus, Dang | mamc.tu.edu.np |
| 89 | Mahendra Multiple Campus, Dharan | mahmc.tu.edu.np |
| 90 | Mahendra Multiple Campus, Nepalgunj | mahemc.tu.edu.np |
| 91 | Mahendra Ratna Multiple Campus, Ilam | mrmc.tu.edu.np |
| 92 | MahendraBindeshwori Multiple Campus, Rajbiraj | mbmc.tu.edu.np |
| 93 | MahendraRatna Campus, Tahachal | mrc.tu.edu.np |
| 94 | Manamohan Cardio Vascular and Transplant Centre, Maharajgunj | mcvtc.tu.edu.np |
| 95 | Mechi Multiple Campus, Jhapa | memc.tu.edu.np |
| 96 | Natural Science Musium, Swoyambhu | ncm.tu.edu.np |
| 97 | Nepal Commerce Campus, Min Bhawan | ncc.tu.edu.np |
| 98 | Nepal Law Campus, Pradarshani Marg | nlc.tu.edu.np |
| 99 | Nepalgunj Nursing Campus, Nepalgunj | nnc.tu.edu.np |
| 100 | Open Distance Learning Centre, Krtipur | odec.tu.edu.np |
| 101 | Padmakanya Multiple Campus, Bagbazar | pkmc.tu.edu.np |
| 102 | Paklihawa Campus, Paklihawa | pakc.tu.edu.np |
| 103 | Paschimanchal Campus, Pokhara | pasc.tu.edu.np |

निकाय र सब डोमेनका नामहरू...

| SN | Unit Name | Subdomain |
|---|---|---|
| 104 | Patan Samyukta Campus, PatanDhoka | pmc.tu.edu.np |
| 105 | Pokhara Ban Bigyan Campus, Pokhara | pc.tu.edu.np |
| 106 | Pokhara Nursing Campus, Pokhara | ponc.tu.edu.np |
| 107 | Prithivi Narayan Campus, Pokhara | prnc.tu.edu.np |
| 108 | Public Youth Campus, Dhobichaur | pyc.tu.edu.np |
| 109 | Pulchowk Campus, Pulchowk | puc.tu.edu.np |
| 110 | Purwanchal Campus, Dharan | purc.tu.edu.np |
| 111 | Rampur Campus, Khairani | rc.tu.edu.np |
| 112 | RamshwaroopRamsagar Multiple Campus, Janakpur | rrmc.tu.edu.np |
| 113 | RatnaRajyaLaxmi Campus, Pradarshani Marg | rrlc.tu.edu.np |
| 114 | Research Centre for Applied Science and Technology (RECAST) , Kirtipur | recast.tu.edu.np |
| 115 | Research Centre for Educational Innovation and Development (CERID) , Kirtipur | cerid.tu.edu.np |
| 116 | S.S.M.Yadhav Multiple Campus, Siraha | ssmc.tu.edu.np |
| 117 | Sanothimi Campus, Bhaktapur | sac.tu.edu.np |
| 118 | Saraswoti Multiple Campus, Lainchaur | smc.tu.edu.np |
| 119 | School of Forestry and Natural Resource Management, Kirtipur | sofnrm.tu.edu.np |
| 120 | School of Management, Kirtipur | som.tu.edu.np |
| 121 | School of Mathematical Sciences, Kirtipur | sms.tu.edu.np |
| 122 | Security Development and Peace Program, Shivapuri | sdpp.tu.edu.np |
| 123 | Shankerdev Campus, Putalisadak | sdc.tu.edu.np |
| 124 | Siddhanath Science Campus, Mahendranagar | snsc.tu.edu.np |
| 125 | Snatakottar (Postgraduate) Campus, Biratnagar | pgc.tu.edu.np |
| 126 | Sports Science Program, Kirtipur | ssp.tu.edu.np |
| 127 | Strategic Study Program, Halchok | ssp.tu.edu.np |
| 128 | Surkhet Campus, Birendranagar | sc.tu.edu.np |
| 129 | Tehrathum Multiple Campus, Chuhandanda, | temc.tu.edu.np |
| 130 | Thakur Ram Multiple Campus, Birgunj | trmc.tu.edu.np |
| 131 | Thapathali Campus, Thapathali | thc.tu.edu.np |
| 132 | Tourism and Hospitality Program | thp.tu.edu.np |
| 133 | Tribhuvan Multiple Campus, Palpa | tmc.tu.edu.np |
| 134 | Trichandra Multiple Campus, Ghantaghar | trc.tu.edu.np |
| 135 | TU  Central Library, Kirtipur | tucl.tu.edu.np |
| 136 | TU Teaching Hospital, Maharajgunj | tuth.tu.edu.np |

माथि उल्लिखित डोमेन बाहेक अरु निकायको डोमेन बनाउदा शिक्षाध्यक्षको स्वीकृति लिनुपर्नेछ ।

# अनुसूचि २

## अध्ययन संस्थान तथा संकायहरूको संकेताङ्क (Code Number)

| **Faculties/Institutes** | | **Code** |
|---|---|---|
| Institute of Agriculture & Animal Science | कृषि र पशु विज्ञान अध्ययन संस्थान | 1 |
| Institute of Engineering | इन्जिनियरिङ अध्ययन संस्थान | 2 |
| Institute of Forestry | वन विज्ञान अध्ययन संस्थान | 3 |
| Institute of Medicine | चिकित्साशास्त्र अध्ययन संस्थान | 4 |
| Institute of Science & Technology | विज्ञान तथा प्रविधि अध्ययन संस्थान | 5 |
| Faculty of Education | शिक्षाशास्त्र संकाय | 6 |
| Faculty of Humanities & Social Science | मानविकी तथा सामाजिकशास्त्र संकाय | 7 |
| Faculty of Law | कानुन संकाय | 8 |
| Faculty of Management | व्यवस्थापन संकाय | 9 |

# अनुसूचि ३

## तहहरूको संकेताङ्क (Code Number)

| **Level** | **Code** |
|---|---|
| Proficiency Certificate | 2 |
| Bachelor (3 year) | 3 |
| Bachelor (4 Year) and Post Graduate Diploma Level | 4 |
| Master | 5 |
| M.Phil | 6 |
| PhD/DM/MCh | 7 |

## अनुसूचि ४

## अध्ययन संस्थान तथा संकायहरूमा सञ्चालित शैक्षिक कार्यक्रमको संकेताङ्क (Code Number)

### १) कृषि र पशु विज्ञान अध्ययन संस्थान

| SN | Level | Degree Name | Code |
|---|---|---|---|
| 1 | Bachelor | B.Sc.Ag. | 01 |
| 2 | Bachelor | B.V.Sc. and A.H. | 02 |
| 3 | Bachelor | B.Sc.Hort. | 03 |
| 4 | Master | M.Sc.Ag. (Agricultural Economics) | 21 |
| 5 | Master | M.Sc.Ag. (Agricultural Extension and Rural Sociology) | 22 |
| 6 | Master | M.Sc.Ag. (Agronomy) | 23 |
| 7 | Master | M.Sc.Ag. (Entomology) | 24 |
| 8 | Master | M.Sc.Ag. (Plant Pathology) | 25 |
| 9 | Master | M.Sc.Ag. (Horticulture) | 26 |
| 10 | Master | M.Sc.Ag. (Soil Science) | 27 |
| 11 | Master | M.Sc.Ag. (Plant Breeding) | 28 |
| 12 | Master | M.Sc.Ag. (Environmental Science) | 29 |
| 13 | Master | M.Sc.An.Sc. (Animal Nutrition and Fodder Production) | 31 |
| 14 | Master | M.Sc.An.Sc. (Animal Breeding) | 32 |
| 15 | Master | M.Sc.An.Sc. (Livestock Production and Management) | 33 |
| 16 | Master | M.Sc.Aq. (Aquaculture) | 41 |
| 17 | Master | M.V.Sc. (Veterinary Pathology) | 51 |
| 18 | Master | M.V.Sc. (Veterinary Parasitology) | 52 |
| 19 | Master | M.V.Sc. (Veterinary Gynaecology and Obstetrics) | 53 |
| 20 | PhD | PhD | 60 |

### २) इन्जिनियरिङ अध्ययन संस्थान

| SN | Level | Degree Name | Code |
|---|---|---|---|
| 1 | Bachelor | Architecture | 11 |
| 2 | Bachelor | Aerospace Engineering | 12 |
| 3 | Bachelor | Agriculture Engineering | 13 |
| 4 | Bachelor | Automobile Engineering | 14 |
| 5 | Bachelor | Chemical Engineering | 15 |
| 6 | Bachelor | Civil Engineering | 16 |
| 7 | Bachelor | Computer Engineering | 17 |
| 8 | Bachelor | Electrical Engineering | 18 |
| 9 | Bachelor | Electronics Engineering | 19 |
| 10 | Bachelor | Geometics Engineering | 20 |
| 11 | Bachelor | Industrial Engineering | 21 |
| 12 | Bachelor | Mechanical Engineering | 22 |
| 13 | Master | Applied Mathematic | 31 |
| 14 | Master | Architecture | 32 |
| 15 | Master | Climate Change and Development | 33 |
| 16 | Master | Communication & Knowledge Engineering | 34 |
| 17 | Master | Computer Engineering in Data Science and Analytics | 35 |
| 18 | Master | Computer system & Knowledge Engineering | 36 |

## इन्जिनियरिङ अध्ययन संस्थान.....

| SN | Level | Degree Name | Code |
|---|---|---|---|
| 19 | Master | Construction Management | 37 |
| 20 | Master | Disaster Risk Management | 38 |
| 21 | Master | Earthquake Engineering | 39 |
| 22 | Master | Electrical Engineering in Distributed Generation | 40 |
| 23 | Master | Energy Efficient Buildings | 41 |
| 24 | Master | Energy for Sustainable Social Development | 42 |
| 25 | Master | Energy System Planning & Management | 43 |
| 26 | Master | Engineering in Mechanical Design and Manufacturing | 44 |
| 27 | Master | Environmental Engineering | 45 |
| 28 | Master | Geospatial Engineering | 46 |
| 29 | Master | Geo-technical Engineering | 47 |
| 30 | Master | Hydropower Engineering | 48 |
| 31 | Master | Informatics and Intelligent Systems Engineering | 49 |
| 32 | Master | Information &Communication Engineering | 50 |
| 33 | Master | Infrastructure Engineering and Management | 51 |
| 34 | Master | Land and Water Engineering | 52 |
| 35 | Master | Material Science & Engineering | 53 |
| 36 | Master | Mechanical System Design and Engineering | 54 |
| 37 | Master | Power System Engineering | 55 |
| 38 | Master | Renewable Energy Engineering | 56 |
| 39 | Master | Rock and Tunnel Engineering | 57 |
| 40 | Master | Structural Engineering | 58 |
| 41 | Master | Technology & Innovation Management | 59 |
| 42 | Master | Transportation Engineering | 60 |
| 43 | Master | Urban Planning | 61 |
| 44 | Master | Water Resources Engineering | 62 |
| 45 | Ph D | Engineering | 70 |

## ३) वन विज्ञान अध्ययन संस्थान

| SN | Level | Degree Name | Code |
|---|---|---|---|
| 1 | Bachelor | Forestry | 01 |
| 2 | Master | Forestry | 02 |
| 3 | Master | Natural Resource Management and Rural Development | 03 |
| 4 | Master | Watershed Management | 04 |
| 5 | Master | Wildlife and Biodiversity Conservation | 05 |
| 6 | Master | Community Forestry | 06 |
| 7 | Master | Mountain Environment and Development | 07 |
| 8 | PhD | Forestry | 08 |
| 9 | PhD | Natural Resource Management and Rural Development | 09 |
| 10 | PhD | Watershed Management | 10 |
| 11 | PhD | Wildlife and Biodiversity Conservation | 11 |

## ४) चिकित्साशास्त्र अध्ययन संस्थान

| SN | Level | Degree Name | Code |
|---|---|---|---|
| 1 | Proficiency Certificate | Nursing | 01 |
| 2 | Bachelor | Bachelor in Dental Surgery (BDS) | 01 |
| 3 | Bachelor | Bachelor of Audiology and Speech Language Pathology (BASLP) | 02 |
| 4 | Bachelor | Bachelor of Medicine & Bachelor of Surgery (MBBS) | 03 |
| 5 | Bachelor | Bachelor of Optometry (B.Optom) | 04 |
| 6 | Bachelor | Bachelor of Perfusion Technology (B.Perfusion Tech) | 05 |
| 7 | Bachelor | Bachelor of Pharmacy (B.Pharm) | 06 |
| 8 | Bachelor | Bachelor of Science in Medical Imaging Technology (B.Sc.MIT) | 07 |
| 9 | Bachelor | Bachelor of Science in Medical Laboratory Technology (BSc.MLT) | 08 |
| 10 | Bachelor | Bachelor of Ayurvedic Medicine & Surgery (BAMS) | 16 |
| 11 | Bachelor | Bachelor of Science in Nursing (B.Sc. Nursing) | 21 |
| 12 | Bachelor | BNS (Adult Health Nursing) | 22 |
| 13 | Bachelor | BNS (Child Health Nursing) | 23 |
| 14 | Bachelor | BNS (Community Health Nursing) | 24 |
| 15 | Bachelor | BNS (Psychiatric Nursing) | 25 |
| 16 | Bachelor | Bachelor in Public Health (BPH) | 31 |
| 17 | Master | MD Anesthesiology | 01 |
| 18 | Master | MD Biochemistry | 02 |
| 19 | Master | MD Clinical Pharmacology | 03 |
| 20 | Master | MD Clinical Physiology | 04 |
| 21 | Master | MD Dermatology, Venereology & Leprology | 05 |
| 22 | Master | MD Forensic Medicine | 06 |
| 23 | Master | MD General Practice | 07 |
| 24 | Master | MD Internal Medicine | 08 |
| 25 | Master | MD Microbiology | 09 |
| 26 | Master | MD Obstetrics.& Gynaecology | 10 |
| 27 | Master | MD Ophthalmology | 11 |
| 28 | Master | MD Pathology | 12 |
| 29 | Master | MD Pediatrics | 13 |
| 30 | Master | MD Psychiatry | 14 |
| 31 | Master | MD Radiodiagnosis | 15 |
| 32 | Master | MD Kayachikistsa | 16 |
| 33 | Master | MS Otorhinolaryngology (ENT) | 31 |
| 34 | Master | MS General Surgery | 32 |
| 35 | Master | MS Orthopaedics and Trauma Surgery | 33 |
| 36 | Master | MS Clinical Anatomy | 34 |
| 37 | Master | MDS Conservative Dentistry & Endodontics | 41 |
| 38 | Master | MDS Oral & Maxillofacial Surgery | 42 |
| 39 | Master | MDS Orthodontics and Dentofacial Orthopedics | 43 |
| 40 | Master | MDS Pedodontics | 44 |
| 41 | Master | MDS Periodontics & Implantology | 45 |
| 42 | Master | MDS Prosthodontics & Maxillofacial Prosthesis | 46 |
| 43 | Master | MSc Clinical Biochemistry | 61 |
| 44 | Master | MSc Clinical Microbiology | 62 |
| 45 | Master | MSc Medical Imaging Technology (MIT) | 63 |
| 46 | Master | MN (Adult Nursing) | 71 |
| 47 | Master | MN (Pediatric Nursing) | 72 |
| 48 | Master | MN (Psychiatric Nursing) | 73 |
| 49 | Master | MN (Women Health Development) | 74 |

### चिकित्साशास्त्र अध्ययन संस्थान … …

| SN | Level | Degree Name | Code |
|---|---|---|---|
| 50 | Master | Master of Public Health (MPH) | 81 |
| 51 | Master | Master of Public Health Nutrition (MPHN) | 82 |
| 52 | Master | Master of Health Promotion and Education (MHP&E) | 83 |
| 53 | M.Phil | M Phil Clinical Psychology | 91 |
| 54 | MCH | Magister of Chirurgiae (MCh) in Cardiothoracic and Vascular Surgery | 01 |
| 55 | MCH | Magister of Chirurgiae (MCh) in Neurosurgery | 02 |
| 56 | MCH | Magister of Chirurgiae (MCh) in Plastic Surgery | 03 |
| 57 | MCH | Magister of Chirurgiae (MCh) in Surgical Gastroenterology | 04 |
| 58 | MCH | Magister of Chirurgiae (MCh) in Urology | 05 |
| 59 | DM | Doctorate of Medicine (DM) in Cardiology | 11 |
| 60 | DM | Doctorate of Medicine (DM) in Critical Care Medicine | 12 |
| 61 | DM | Doctorate of Medicine (DM) in Emergency Medicine | 13 |
| 62 | DM | Doctorate of Medicine (DM) in Medical Gastroenterology | 14 |
| 63 | DM | Doctorate of Medicine (DM) in Nephrology | 15 |
| 64 | DM | Doctorate of Medicine (DM) in Neurology | 16 |
| 65 | PhD | PhD in Microbiology | 21 |
| 66 | PhD | PhD in Nursing | 22 |
| 67 | PhD | PhD in Public Health | 23 |

### ५) विज्ञान तथा प्रविधि अध्ययन संस्थान

| SN | Level | Degree Name | Code |
|---|---|---|---|
| 1 | Bachelor | B.Sc. General Physical Group (4 year) | **01** |
| 2 | Bachelor | B.Sc. General Biological group (4 year) | **02** |
| 3 | Bachelor | Bachelors' Degree in Food Technology (4 year) | **03** |
| 4 | Bachelor | B.Sc. in Computer Science and Information Technology | **21** |
| 5 | Bachelor | Bachelor Degree in Mathematical Science | **22** |
| 6 | Bachelor | B. Sc in Nutrition & Dietetics | **23** |
| 7 | Bachelor | Bachelor Degree in Information Technology | **24** |
| 8 | Master | M.Sc. in Biotechnology | **01** |
| 9 | Master | M.Sc. in Botany | **02** |
| 10 | Master | M.Sc. in Chemistry | **03** |
| 11 | Master | M.Sc. in Computer Science and Information Technology | **04** |
| 12 | Master | M.Sc. in Environmental Science | **05** |
| 13 | Master | M. Tech. Food Technology | **06** |
| 14 | Master | M.Sc. in Geology | **07** |
| 15 | Master | M.Sc. in Hydrology & Meteorology | **08** |
| 16 | Master | M.Sc. in Mathematics | **09** |
| 17 | Master | M.Sc. in Microbiology | **10** |
| 18 | Master | M.Sc. in Physics | **11** |
| 19 | Master | M.Sc. in Statistics | **12** |
| 20 | Master | M.Sc. in Zoology | **13** |
| 21 | Master | M.Sc. in Biodiversity and Environmental Management | **21** |
| 22 | Master | M.Sc. in Engineering Geology | **22** |
| 23 | Master | M. Sc. in Environmental Health in Disaster | **23** |
| 24 | M.Phil | Masters of Philosophy in Mathematics | 09 |
| 25 | Ph D | Ph D in Biotechnology | **01** |
| 26 | Ph D | Ph D in Botany | **02** |
| 27 | Ph D | Ph D in Chemistry | **03** |
| 28 | Ph D | Ph D in CSIT | **04** |
| 29 | Ph D | Ph D in Environmental Science | **05** |

**विज्ञान तथा प्रविधि अध्ययन संस्थान … …**

| S.N. | LEVEL | Program | CODE |
|---|---|---|---|
| 30 | Ph D | Ph D in Food Technology | **06** |
| 31 | Ph D | Ph D in Geology | **07** |
| 32 | Ph D | Ph D in Hydrology and Meteorology | **08** |
| 33 | Ph D | Ph D in Mathematics | **09** |
| 34 | Ph D | Ph D in Microbiology | **10** |
| 35 | Ph D | Ph D in Physics | **11** |
| 36 | Ph D | Ph D in Statistics | **12** |
| 37 | Ph D | Ph D in Zoology | **13** |

## ६) शिक्षाशास्त्र संकाय

| S.N. | LEVEL | Program | CODE |
|---|---|---|---|
| 1. | Bachelor | Nepali Education | 01 |
| 2. | Bachelor | English Education | 02 |
| 3. | Bachelor | Math Education | 03 |
| 4. | Bachelor | Science Education | 04 |
| 5. | Bachelor | Health and Physical Education | 05 |
| 6. | Bachelor | Population Education | 06 |
| 7. | Bachelor | Geography Education | 07 |
| 8. | Bachelor | Economics Education | 08 |
| 9. | Bachelor | History Education | 09 |
| 10. | Bachelor | Political Science Education | 10 |
| 11. | Bachelor | Information & Communication Technology Education | 11 |
| 12. | Bachelor | Population Education (TPC) | 12 |
| 13. | Masters | English Education | 31 |
| 14. | Masters | Nepali Education | 32 |
| 15. | Masters | Mathematics Education | 33 |
| 16. | Masters | Health Education | 34 |
| 17. | Masters | Population Education | 35 |
| 18. | Masters | Economics Education | 36 |
| 19. | Masters | Information And Communication Technology Education | 37 |
| 20. | Masters | Education Planning And Management | 38 |
| 21. | Masters | Curriculum And Evaluation | 39 |
| 22. | Masters | Physical Education | 40 |
| 23. | Masters | Geography Education | 41 |
| 24. | Masters | Special Needs Education | 42 |
| 25. | Masters | Political Science Education | 43 |
| 26. | Masters | Biology Education | 44 |
| 27. | Masters | Chemistry Education | 45 |
| 28. | Masters | Physics Education | 46 |
| 29. | Masters | History Education | 47 |
| 30. | Masters (ODL) | English Education (Odl) | 48 |
| 31. | Masters (ODL) | Nepali Education (Odl) | 49 |
| 32. | Masters (ODL) | Mathematics Education (Odl) | 50 |
| 33. | Masters (ODL) | Health Education (Odl) | 51 |
| 34. | Masters (ODL) | Curriculum And Evaluation (Odl) | 52 |
| 35. | M Phil | M.Phil. In Education | 71 |
| 36. | PHD | PHD In Education | 81 |

## ७) मानविकी तथा सामाजिकशास्त्र संकाय

| S.N. | LEVEL | Program | CODE |
|---|---|---|---|
| 1 | Bachelors | BA | 01 |
| 2 | Bachelors | Bachelor in Computer Application(BCA) | 02 |
| 3 | Bachelors | Bachelor in Public Service and Governance | 03 |
| 4 | Bachelors | Film Studies | 04 |
| 5 | Bachelors | Folklore | 05 |
| 6 | Post Graduate | Home Science | 06 |
| 7 | Masters | Anthropology | 11 |
| 8 | Masters | Buddhist Studies | 12 |
| 9 | Masters | Nepalese History, Culture and Archaeology | 13 |
| 10 | Masters | Economics | 14 |
| 11 | Masters | English | 15 |
| 12 | Masters | Fine Arts | 16 |
| 13 | Masters | Geography | 17 |
| 14 | Masters | Hindi | 18 |
| 15 | Masters | History | 19 |
| 16 | Masters | Home Science | 20 |
| 17 | Masters | Jounralism and Mass Communication | 21 |
| 18 | Masters | Library Science | 22 |
| 19 | Masters | Linguistics | 23 |
| 20 | Masters | Maithili | 24 |
| 21 | Masters | Nepal Bhasha | 25 |
| 22 | Masters | Nepali | 26 |
| 23 | Masters | Political Science | 27 |
| 24 | Masters | Population Studies | 28 |
| 25 | Masters | Psychology | 29 |
| 26 | Masters | Rural Development | 30 |
| 27 | Masters | Sanskrit | 31 |
| 28 | Masters | Sociology | 32 |
| 29 | Masters | Conflict, Peace and Development Studies | 33 |
| 30 | Masters | Counseling Psychology | 34 |
| 31 | Masters | Crisis Management | 35 |
| 32 | Masters | Dance | 36 |
| 33 | Masters | Gender Studies | 37 |
| 34 | Masters | International Relation and Diplomacy | 38 |
| 35 | Masters | Labour Studies | 39 |
| 36 | Masters | Security, Development and Peace Studies | 40 |
| 37 | Masters | Social Work | 41 |
| 38 | Masters | Sports Science | 42 |
| 39 | Masters | Strategic Studies (Nepal Army) | 43 |
| 40 | Masters | Tourism and Hospitality Management | 44 |

## मानविकी तथा सामाजिकशास्त्र संकाय ... ...

| S.N. | LEVEL | Program | CODE |
|---|---|---|---|
| **41** | Masters | Development Studies | **45** |
| **42** | M.Phil | Anthropology | **11** |
| **43** | M.Phil | Economics | **14** |
| **44** | M.Phil | English | **15** |
| **45** | M.Phil | Journalism and Mass Communication | **21** |
| **46** | M.Phil | Nepali | **26** |
| **47** | M.Phil | Population Studies | **28** |
| **48** | M.Phil | Sociology | **32** |
| **49** | PhD | Anthropology | **11** |
| **50** | PhD | Buddhist Studies | **12** |
| **51** | PhD | Nepalese History, Culture and Archaeology | **13** |
| **52** | PhD | Economics | **14** |
| **53** | PhD | English | **15** |
| **54** | PhD | Fine Arts | **16** |
| **55** | PhD | Geography | **17** |
| **56** | PhD | Hindi | **18** |
| **57** | PhD | History | **19** |
| **58** | PhD | Home Science | **20** |
| **59** | PhD | Journalism and Mass Communication | **21** |
| **60** | PhD | Nepal Bhasha | **25** |
| **61** | PhD | Nepali | **26** |
| **62** | PhD | Political Science | **27** |
| **63** | PhD | Population Studies | **28** |
| **64** | PhD | Psychology | **29** |
| **65** | PhD | Rural Development | **30** |
| **66** | PhD | Sociology | **32** |
| **67** | PhD | Conflict, Peace and Development Studies | **33** |
| **68** | PhD | Gender Studies | **37** |
| **69** | PhD | International Relation and Diplomacy | **38** |
| **70** | PhD | Social Work | **41** |

## ८) कानुन संकाय

| S.N. | LEVEL | Program | CODE |
|---|---|---|---|
| **1** | Bachelor | LLB | 11 |
| **2** | Bachelor | BALLB | 12 |
| **3** | Master | LLM (2 year) | 21 |
| **4** | Master | LLM (3 year) | 22 |
| **5** | PhD | Phd in Law | 31 |

## १) व्यवस्थापन संकाय

| S.N. | LEVEL | Program | CODE |
|---|---|---|---|
| **1** | Bachelors | Bachelor of Business Administration | 01 |
| **2** | Bachelors | Bachelor of Business Administration - Finance | 02 |
| **3** | Bachelors | Bachelor of Business Management | 03 |
| **4** | Bachelors | Bachelor of Business Studies | 04 |
| **5** | Bachelors | Bachelor of Hotel Management | 05 |
| **6** | Bachelors | Bachelor of Information Management | 06 |
| **7** | Bachelors | Bachelor of Mountaineering Studies | 07 |
| **8** | Bachelors | Bachelor of Public Administration | 08 |
| **9** | Bachelors | Bachelor of Travel and Tourism Management | 09 |
| **10** | Post Graduate | Post Graduate Diploma in Police Sciences | 21 |
| **11** | Masters | Master of Adventure Tourism Studies | 26 |
| **12** | Masters | Master of Business Administration | 27 |
| **13** | Masters | Master of Business Administration - Finance | 28 |
| **14** | Masters | Master of Business Management | 29 |
| **15** | Masters | Master of Business Studies | 30 |
| **16** | Masters | Master of Finance and Control | 31 |
| **17** | Masters | Master of Hospitality Management | 32 |
| **18** | Masters | Master of Public Administration | 33 |
| **19** | Masters | Master of Travel and Tourism Management | 34 |
| **20** | Masters | MBA in Entrepreneurship | 35 |
| **21** | Masters | MBA in Global Leadership and Management | 36 |
| **22** | Masters | MBA in Information Technology | 37 |
| **23** | M.Phil | Master of Philosophy in Management | 51 |
| **24** | M.Phil | Master of Philosophy in Public Administration | **52** |
| **25** | PhD | Doctor of Philosophy in Management | **61** |
| **26** | PhD | Doctor of Philosophy in Public Administration | **62** |